बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

हेटौंडा, मकवानपुर

## सामुदायिक माध्यमिक विद्यालयहरुलाई सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/१०/१२ गते)**

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक कार्यक्रम अनुसार सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम अन्तर्गत चितवन, मकवानपुर र सिन्धुली जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरुमा सञ्चालन गर्न तपसिल अनुसारको कागजातहरु सहित "सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि- २०८२" को अनुसूची-१ को ढाँचामा आवेदन तथा उद्यमको व्यवसायिक योजना सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८२/१०/२६ गते कार्यालय समय भित्र) इच्छुक विद्यालयहरुले यस कार्यालयमा प्रस्ताव सहितको आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रम | प्रस्ताव पेश गर्ने विद्यालयले पुरा गर्नु पर्ने शर्तहरु |
|---|---|
| सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम | १. कार्यक्रम सञ्चालनका लागि प्रचलित कानून बमोजिम निर्धारित (कक्षा ९-१२ सम्म) विद्यार्थी संख्याको कम्तिमा ५० प्रतिशत विद्यार्थी भर्ना पूरा भएको ।<br>२. सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न सक्ने अवस्था भएमा सोको प्रतिवद्धता पत्र उपलब्ध गराएको ।<br>३. प्रस्तावित कार्यक्रमको लागि आवश्यक पर्ने अनुसूची-१ बमोजिमको जग्गा तथा अन्य पूर्वाधार भएको ।<br>४. प्राविधिक विद्यालयको पढाइ भइरहेको विद्यालयले सोही विषय क्षेत्रमा र साधारण धार सञ्चालन भएका विद्यालयहरुले स्थानीय हावापानी र भूगोल अनुरुप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव पेश गरेको ।<br>५. कृषि र पशु विज्ञान विषयको कार्यक्रम सञ्चालन गर्ने विद्यालयले उक्त प्रयोजनका लागि कम्तिमा ३ रोपनी जग्गा भएको प्रमाण पेश गर्नुपर्नेछ । विद्यालयले आफ्नो नाममा जग्गा भए जग्गा धनी पुर्जा र जग्गा भोगाधिकार वा भाडामा लिएको भए कम्तिमा ५ वर्ष जग्गा उपलब्ध गराउने गरी भएको करार सम्झौता ।<br>६. विद्यालयले व्यावसायिक योजना बनाई विद्यार्थीको व्यावसायिक क्लव वा व्यावसायिक सिकाइ समूह गठन गरेको।<br>७. कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता भएको ।<br>८. कार्यविधिको दफा ११ मा उल्लेखित कार्यक्रमका क्षेत्रहरुमध्ये कुनै एक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश गरेको<br>९. प्रदेश सरकारको स्रोतबाट प्रदान गरिने अनुदानमा संघीय सरकार/निकाय/आयोग, स्थानीय तह र प्रदेशका अन्य कुनै निकायबाट यस कार्यक्रमका लागि हालसम्म अनुदान नलिएको स्वःघोषणा पेश गर्नुपर्ने । |
| | **प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः**<br>१. स्थानीय तहबाट कार्यक्रमका लागि आवश्यक सहयोगको प्रतिबद्धता, स्थानीय तहमा सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक फर्महरु नभएको खुल्ने गरी स्थानीय आवश्यकताको विश्लेषण सहितको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि ।<br>२. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि।<br>३. कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण ।<br>४. विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा प्रयोग गर्ने भए सम्झौता पत्रको प्रतिलिपि ।<br>५. प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टी हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि तथा तस्बीरहरु।<br>६. यस कार्यको लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिइएको विद्यालयको स्वःघोषणा पत्र ।<br>७. सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न सक्ने रकम उल्लेख भएको प्रतिवद्धता पत्र।<br>८. शैक्षिक सत्र २०८१ र २०८२ को IEMIS अनुसार कक्षागत रुपमा विद्यार्थी संख्या खुलेको विवरण(स्थानीय तहबाट प्रमाणित प्रति)<br>९. विद्यालय व्यवस्थापन समिति गठन भई हालसम्म म्याद कायम रहेको पदाधिकारीहरुको नामनामेसी विवरण खुलेको स्थानीय तहको प्रमाणित पत्र<br>१०. प्राविधिक धार सञ्चालन भएको विद्यालयले सो सम्बन्धी अनुमति पत्र।<br>११. प्रस्तावित बजेटको कार्यान्वयन योजना।<br>१२. अनुसूची-२ बमोजिमको मुल्याङ्कनका सूचकहरुलाई पुष्टि हुने प्रमाणित कागजातहरु। |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।साथै विगत वर्षहरुमा यो कार्यक्रमबाट लाभ लिइसकेका विद्यालयहरुलाई पुनःछनोट गरिने छैन। | |

पुनश्च: उल्लेखित "सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" कार्यालयको वेवसाइट http:www.sdohetauda.bagamati.gov.np मा हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४५१०२९९७ (सुचना अधिकारी) मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख